# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३) काठमाडौं, माघ २५ गते २०५० साल ( संख्या४२

## भाग ३

श्री ५ को सरकार

### कृषि मन्त्रालयको

### सूचना १

#### जीवनाशक विषादी नियमावली, २०५०

जीवनाशक विषादी ऐन, २०४८ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "जीवनाशक विषादी नियमावली, २०५०" रहेको छ ।

(२) यो नियमावली ऐन लागू भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) 'ऐन' भन्नाले जीवनाशक विषादी ऐन, २०४८ सम्झनु पर्छ ।

(ख) 'कार्यालय' भन्नाले श्री ५ को सरकारद्वारा स्थापना भएको कार्यालय सम्झनु पर्छ ।

(ग) "कन्टेनर" भन्नाले विषादीलाई राख्न, छोप्न, बन्द गर्न, समावेश गर्न वा प्याक गर्नलाई प्रयोग गरिने भाँडा वा बट्टा वा पोका सम्झनु पर्छ ।

४३६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) "सूचकपत्र (लेवल)" भन्नाले विषादी वा विषादी राखिएको कन्टेनर वा कन्टेनरको बाहिरी भागमा वा विषादीको पोकामा लेखिएको, छापिएको वा रेखांकन गरिएको विषादी सम्बन्धी सूचना सम्झनु पर्छ ।

(ङ) "निरीक्षक" भन्नाले ऐनको दफा १३ बमोजिम नियुक्ति विषादी निरीक्षक सम्झनु पर्छ ।

३. विषादी पंजीकरणको लागि निवेदन दिनु पर्ने: (१) कुनै विषादी आयात, निर्यात, उत्पादन गर्न चाहने व्यक्ति । संस्था वा निकायले त्यस्तो कार्य गर्नुअघि त्यस्तो विषादीलाई ऐनको दफा ६ बमोजिम पंजीकरण गराउनको लागि समितिले तोकिदिएको ढाँचामा पंजीकरण दस्तूर पचास रूपैयाँ समेत संलग्न राखी कार्यालय समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम विषादी पंजीकरण गर्न निवेदन दिने व्यक्ति, संस्था वा निकायले पंजीकरणको सम्बन्धमा कार्यालयले मागेको विषादीसँग सम्बन्धित आवश्यक प्राविधिक तथा अन्य जानकारीहरू उपलब्ध गराउनु पर्नेछ ।

४. विषादी पंजीकरण गर्ने: (१) नियम ३ बमोजिम विषादी पंजीकरण गराउनको लागि कुनै निवेदन परेमा कार्यालयले आवश्यक जाँचबुझ गरी त्यस्तो विषादी-बाट मानिस वा पशुपक्षीलाई वा पर्यावरणमा पर्ने असरलाई ध्यानमा राखी विना कुनै शर्त वा शर्त सहित पंजीकरण गरी निवेदकलाई समितिले तोकिदिएको ढाँचामा विषादी पंजीकरणको प्रमाणपत्र दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइएको विषादी पंजीकरण प्रमाणपत्रको मान्यता अवधि पाँच वर्ष हुनेछ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यालयले विषादी पंजीकरण गर्ने सम्बन्धमा निवेदकहरूसँग मागेको विषादीसँग सम्बन्धित तथ्यांकहरू प्राप्त नहुञ्जेलसम्म विषादी पंजीकरण गर्ने छैन ।

५. विषादी पंजीकरण गर्न इन्कार गर्न सक्ने: (१) कुनै विषादी पंजीकरण गर्न निवेदन दिने निवेदकले नेपाल अधिराज्यमा त्यस्तो विषादीको उपयोगको आवश्यकता प्रमाणित गर्न नसकेमा वा कार्यालयको दृष्टिकोणमा त्यस्तो विषादीको उपयोगले मानिस वा पशुपक्षीलाई वा वातावरणमा प्रतिकूल असर पर्ने सम्भावना देखेमा सो को कारण उल्लेख गरी कार्यालयले त्यस्तो विषादीको पंजीकरण गर्न इन्कार गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम कार्यालयले कुनै विषादी पंजीकरण गर्न इन्कार गरेमा त्यसको कारण सहितको सूचना निवेदकलाई दिनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिमको सूचना प्राप्त गर्ने निवेदकले त्यस्तो निर्णयको पुनरावलोकन गर्न समितिसमक्ष लिखित रूपमा निवेदन दिन सक्नेछ र त्यस्तो निवेदनको सम्बन्धमा समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

६. विषादीको पंजीकरण खारेज वा निलम्बन गर्न सक्नेः समितिको दृष्टिकोणमा नियम ४ बमोजिम पंजीकरण भएको विषादीको निरन्तर प्रयोग अप्रभावकारी ठहरिएमा वा त्यस्तो विषादीको सामान्य प्रयोगबाट पनि मानिस वा पशुपक्षीलाई वा वातावरणमा प्रतिकूल असर पर्ने सम्भावना भएमा समितिले जुनसुकै समयमा पनि त्यस्तो विषादीको पंजीकरण खारेज गर्न वा कुनै खास समयसम्मको लागि निलम्बन गर्न सक्नेछ। त्यसरी खारेज वा निलम्बन गरिएको कुराको सूचना नेपाल राजपत्रमा प्रकाशित गर्नु पर्नेछ।

७. विषादी पैठारीको विवरण पेश गर्नुपर्नेः (१) विषादी पैठारी गर्न इजाजत प्राप्त प्रत्येक व्यक्ति संस्था वा निकायले एक आर्थिक वर्षमा पैठारी गरेको विषादी, त्यसको परिमाण र मूल्य समेत उल्लेख गरी समितिले तोकिदिएको ढाँचामा प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र वा समितिले माग गरेमा सो भन्दा अगावै कार्यालय समक्ष विवरण पेश गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिम पैठारीकर्ताले विषादी पैठारीको विबरण नदिएमा त्यस्तो विषादीको पंजीकरण कार्यालयको सिफारिशमा समितिले रद्द गर्न सक्नेछ।

८. कन्टेनर र सूचकपत्रको स्वीकृतिः (१) कुनै पनि विषादी बिक्री वितरण गर्न चाहने व्यक्ति, संस्था वा निकायले कन्टेनर र सूचकपत्रको स्वीकृतिको लागि कन्टेनर र सूचकपत्रको नमूना समेत संलग्न राखी समितिले तोकिदिएको ढाँचामा कार्यालय समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा कार्यालयले समितिले तोकिदिएको स्तर अनुरूप कन्टेनर भए नभएको र सूचकपत्रमा उल्लेख गरिनु पर्ने सबै कुरा उल्लेख भए नभएको यकिन गरी कन्टेनर र सूचकपत्र स्वीकृत गर्नु पर्नेछ ।

९. बिक्री वितरण गर्न नहुनेः (१) वैज्ञानिक प्रयोग वा अनुसन्धानको प्रयोजनको लागि पैठारी गरिएको विषादी बिक्री वितरण गर्नु हुँदैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कुनै पनि विषादी कार्यालयबाट स्वीकृत कन्टेनरमा नराखी बिक्री वितरण गर्नु हुँदैन।

(३) कुनै पनि विषादी कार्यालयबाट स्वीकृत सूचकपत्र नटाँसेको कन्टेनरमा राखी बिक्री वितरण गर्नु हुँदैन।

१०. इजाजतपत्र लिनुपर्नेः कुनै पनि व्यक्ति, संस्था वा निकायले विषादी बिक्री गर्न, संश्लेषण गर्न वा छर्कने व्यवसाय गर्न चाहेमा समितिबाट इजाजतपत्र लिनु पर्नेछ।

११. इजाजतपत्रको लागि निवेदन दिनु पर्नेः कुनै व्यक्ति, संस्था वा निकायले नियम १० बमोजिम इजाजतपत्र लिन चाहेमा समितिले तोकिदिएको ढाँचामा इजाजतपत्र दस्तूर पचास रूपैयां समेत संलग्न राखी समिति समक्ष निवेदन दिनु पर्नेछ।

१२. विषादीको खुद्रा बिक्रेतालाई इजाजतपत्र दिनेः (१) कुनै व्यक्ति, संस्था वा निकायले विषादीको खुद्रा बिक्री गर्नको लागि नियम ११ बमोजिम समिति समक्ष इजाजतपत्रको लागि निवेदन दिएमा समितिले विषादी र त्यसको प्रयोग सम्बन्धी ज्ञानको सम्बन्धमा निर्धारण गरेको मापदण्डका अधीनमा रही तत् सम्बन्धमा आवश्यक जाँचबुझ गरी इजाजतपत्र दिन उपयुक्त देखेमा समितिले तोकेको ढाँचामा खुद्रा बिक्रेताको इजाजतपत्र दिन सक्नेछ।

(२) विषादीको खुद्रा बिक्रेताले इजाजतपत्रमा उल्लेख भएका शर्त र अवस्थाहरू पालन गर्नु पर्नेछ।

१३. विषादी छर्कने व्यवसायीलाई इजाजतपत्र दिनेः (१) कुनै व्यक्ति, संस्था वा निकायले व्यावसायिक रूपमा विषादी छर्कनको लागि नियम ११ बमोजिम समिति समक्ष इजाजतपत्रको लागि निवेदन दिएमा समितिले विषादी प्रयोगका सम्बन्धमा निर्धारण गरेको मापदण्डका अधीनमा रही तत् सम्बन्धमा आवश्यक जाँचबूझ गरी इजाजतपत्र दिन उपयुक्त देखेमा समितिले तोकेको ढाँचामा विषादी छर्कने व्यवसायीको इजाजतपत्र दिन सक्नेछ।

(२) विषादी छर्कने व्यवसायीले इजाजतपत्रमा उल्लेख भएका शर्त र अवस्थाहरू पालन गर्नु पर्नेछ।

१४. विषादी संश्लेषण गर्नेलाई इजाजतपत्र दिनेः (१) कुनै व्यक्ति, संस्था वा निकायले विषादी संश्लेषण गर्नको लागि नियम ११ बमोजिम समिति समक्ष इजाजतपत्रको लागि निवेदन दिएमा समितिले विषादी संश्लेषणका सम्बन्धमा निर्धारण गरेको माप-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दण्डको अधीनमा रही तत् सम्बन्धमा आवश्यक जाँचबुझ गरी इजाजतपत्र दिन उपयुक्त देखेमा समितिले तोकेको ढाँचामा विषादी संश्लेषण गर्ने इजाजतपत्र दिन सक्नेछ ।

(२) विषादी संश्लेषण गर्नेले इजाजतपत्रमा उल्लेख भएका शर्त र अवस्थाहरू पालना गर्नु पर्नेछ ।

१५. इजाजतपत्रको मान्यताको अवधि र नवीकरणः (१) नियम १२, १३ वा १४ बमोजिम प्रदान गरिएको इजाजतपत्रको मान्यताको अवधि दुई वर्षको हुनेछ ।

(२) उपनियम (१) बमोजिमको इजाजतपत्रको मान्यताको अवधि समाप्त भएको मितिले ३५ दिन भित्र इजाजतपत्र लिंदा लाग्ने दस्तूर बमोजिमको नवीकरण दस्तूर सहित दरखास्त दिई नवीकरण गराउनु पर्नेछ । नवीकरण नगरिएमा इजाजतपत्र स्वतः बदर हुनेछ ।

१६. इजाजतपत्र रद्द गर्न सकिनेः नियम १२, १३ वा १४ बमोजिम इजाजतपत्र प्राप्त व्यक्ति, संस्था वा निकायले आफूले पालन गर्नु पर्ने शर्तहरू पूरा नगरेको देखिएमा त्यस्तो व्यक्ति, संस्था वा निकायले प्राप्त गरेको इजाजतपत्र समितिले रद्द गर्न सक्नेछ ।

१७. विषादी निरीक्षकलाई परिचयपत्र उपलब्ध गराउनु पर्नेः (१) ऐनको दफा १३ बमोजिम नियुक्त भएका विषादी निरीक्षकहरूको पहिचानको लागि श्री ५ को सरकारले निजहरूलाई कर्मचारी परिचयपत्र उपलब्ध गराउने छ ।

(२) ऐन र यस नियमावली बमोजिम निरीक्षकले आफ्नो कर्तव्यको पालन गर्दा वा आफूलाई प्राप्त अधिकारको प्रयोग गर्दा कसैले निजको परिचयपत्र हेर्न खोजेमा उप-नियम (१) बमोजिम निजले प्राप्त गरेको कर्मचारी परिचयपत्र देखाउनु पर्नेछ ।

१८. निरीक्षकको काम, कर्तव्य र अधिकारः (१) निरीक्षकले आफ्नो कर्तव्य पालन गर्ने सम्बन्धमा जुनसुकै समयमा कुनै घर, जग्गा, सवारी, हवाईजहाज, कारखाना, वाणिज्य केन्द्र, भण्डार, टहरा आदिमा प्रवेश गरी कुनै पनि कागजात वा अभिलेखको जाँचबूझ वा निरीक्षण गर्न सक्नेछ ।

(२) ऐन र यस नियमावलीको व्यवस्थाको विपरीत कसैले विषादी पैठारी वा बिक्री गरेमा निरीक्षकले त्यस्तो विषादी आफ्नो कब्जामा लिन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१९. उप-समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि

(१) ऐनको दफा ६ को उपदफा (१) बमोजिम गठित उप-समितिहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) विषादीको आयात, निर्यात, उत्पादन तथा बिक्री वितरण गर्ने कार्यलाई सुचारू रूपले संचालन गर्नको लागि समितिलाई आवश्यक सल्लाह उपलब्ध गराउने ।

(ख) विषादीको आयात, निर्यात, उत्पादन तथा बिक्री वितरण गर्ने कार्यलाई सुचारू रूपले संचालन गर्न समितिले तोकेको अन्य कार्यहरू गर्ने ।

(२) उप-समितिहरूको बैठक सम्बन्धी कार्यविधि समितिले तोके-बमोजिम हुनेछ ।

२०. निर्देशिका बनाइ लागू गर्नेः ऐन र यस नियमावलीको कार्यान्वयन प्रभावकारी ढंगबाट गर्न समितिले आवश्यकतानुसार विषादीसँग सम्बन्धित कुराहरूका सम्बन्धमा निर्देशिका बनाइ जारी गर्न सक्नेछ र त्यसरी जारी गरिएको निर्देशिकाको पालन गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

## सूचना २

श्री ५ को सरकारले जीवनाशक विषादी ऐन, २०४८ को दफा १ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी उक्त ऐन मिति २०५१।४।१ देखि नेपाल अधिराज्यभर प्रारम्भ हुने गरी तोकेको छ ।

आज्ञाले,
रामकृष्ण तिवारी
श्री ५ को सरकारको का. मु. सचिव

582



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सूचना

श्री ५ को सरकारले हवाई सुरक्षा (व्यवस्था) नियमावली, २०४६ को नियम ३.१ को उपनियम ३.१.१. ले दिएको अधिकार प्रयोग गरी देहायबमोजिम त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल हवाई सुरक्षा समितिको गठन गरेको छ ।

| | |
|---|---|
| (१) विमानस्थल महाप्रवन्धक, त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल कार्यालय– | अध्यक्ष |
| (२) प्रमुख, त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल सञ्चार कार्यालय– | सदस्य |
| (३) प्रमुख, त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल सुरक्षा प्रहरी गार्ड– | " |
| (४) प्रमुख, काली वक्स गण, त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल– | " |
| (५) प्रमुख, राष्ट्रिय अनुसन्धान विभाग त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल– | " |
| (६) प्रमुख, अध्यागमन कार्यालय त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल– | " |
| (७) प्रमुख, सुविधादेय शाखा, त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल– | " |
| (८) वायुसेवा संगठनको प्रतिनिधि– | " |
| (९) प्रमुख, सुरक्षा शाखा, त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल कार्यालय– | सदस्य-सचिव |

खण्ड ३९, संख्या ४० मिति २०४६।१०।९ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको यस सम्बन्धी सूचना खारेज गरिएको छ ।

आज्ञाले,
पुरूषोत्तम भट्टराई
श्री ५ को सरकारको का.मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## राष्ट्रिय योजना आयोगको सचिवालयको सूचना

श्री ५ को सरकारको मिति २०५०।६।२६ को निर्णयानुसार यस सचिवालयका देहायमा उल्लेखित अधिकृतहरूलाई निजामती सेवा नियमावली, २०५० को नियम १०४ बमोजिम ३० वर्ष सेवा अवधि पुगेको मितिबाट दुई वर्षको सेवा अवधि थप गरिएको छ ।

| क्र.सं. | नाम, थर | पद | ३० वर्ष सेवा अवधि पुग्ने मिति |
|---|---|---|---|
| १ | श्री चिनबहादुर बानियाँ | सहायक क्षेत्रीय योजना निर्देशक (उपसचिवस्तर) | २०५०।६।२८ |
| २ | श्री रामेश्वर राज कारंजित | शाखा अधिकृत | २०५०।१०।२९ |

आज्ञाले,

डा. रवीन्द्रकुमार शाक्य

का. मु. सदस्य सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।